मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

नारायणीमा बेपत्ता आमा छोराको खोजी जारी

नारायणगढ। चितवनको भरतपुर महानगरपालिका–१ स्थित पशुपति मन्दिर पछाडि नारायणी नदीमा खुट्टा धुने क्रममा बुधबार डुबेका तीन जनामध्ये बेपत्ता दुई जनाको बिहीबार पनि खोजी जारी छ।

नदीमा डेबेका बालिकाको बुधबार नै उद्धार गरिएको थियो भने उनका आमा र भाइ बेपत्ता रहेकामा बुधबार र बिहीबार दिनभरि खोजी गर्दा पनि अवस्था पत्ता लगाउन नसकिएको जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी प्रमुख प्रहरी उपरीक्षक रामेश्वर पौडेलले जानकारी दिए।

उनका अनुसार बुधबार साँझ

बाँकी पृष्ठ ३ मा

● वर्ष ४ ● अंक ३१० ● २०८३ साल असोज ३० गते शुक्रबार ● Friday 16, October 2026 ● सूर्योदय: बिहान ०६:०७ बजे ● सूर्यास्त: साँझ ०५:३७ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

मिथिलाञ्चलमा नवरात्री:

बेलनोतीदेखि कुमारी भोजनसम्मका परम्परा



मधेशदृष्टि
जनकपुरधाम।

हिन्दु धर्मग्रन्थहरूमा पाँच प्रकारका नवरात्रीको चर्चा पाइन्छ। शारदीय नवरात्री, चैत्र नवरात्री, माघ महिनामा मनाइने गुप्त नवरात्री, असार महिनाको गायत्री नवरात्री र पुस महिनाको शाकम्भरी नवरात्री गरी पाँच प्रकारका नवरात्री उल्लेख गरिएका छन्। यीमध्ये शारदीय नवरात्रीको विशेष धार्मिक महत्त्व रहेको छ।

असोज र चैत महिनामा मनाइने नवरात्रीमा माता दुर्गाका नौ स्वरूपको विशेष पूजा–आराधना गरिन्छ। असार महिनाको गायत्री नवरात्रीमा दुर्गा, लक्ष्मी र सरस्वतीको तथा पुस महिनाको शाकम्भरी नवरात्रीमा काली, लक्ष्मी र सरस्वतीको पूजा गर्ने परम्परा रहेको छ। त्यस्तै, माघ महिनाको गुप्त नवरात्रीमा तान्त्रिक विधिअनुसार देवीको आराधना गरिन्छ। यीमध्ये शारदीय नवरात्री भने जनस्तरमा बढी प्रचलित छ।

मिथिलाञ्चलमा शारदीय नवरात्री अर्थात् दुर्गापूजाको विशेष महत्त्व छ। असोज शुक्ल प्रतिपदाका दिन घर, गाउँ तथा शक्तिपीठहरूमा घटस्थापना गरेसँगै नवरात्री पूजा सुरु हुन्छ। यस अवसरमा विभिन्न शक्तिपीठ तथा गाउँगाउँमा दुर्गा माताका प्रतिमा स्थापना गरी पूजा–आराधना गरिन्छ।

नवरात्रीको पहिलो दिन जमरा उमार्न शुद्ध माटोमा जौ छरिन्छ। त्यसपछि नदी वा तलाउबाट ल्याइएको जलले भरिएको कलश स्थापना गरिन्छ। मिथिलाञ्चलमा यस विधिलाई कलश स्थापना भनिन्छ। कलश स्थापनाअघि कलश यात्रा निकाल्ने परम्परा पनि छ। कलशको जलले देवीको प्रतिमा र मन्दिर परिसर सिञ्चित गरी विधिपूर्वक पूजा आरम्भ गरिन्छ।

पूजा स्थलमा कलश स्थापना गरी त्यसको वरिपरि जौ छर्ने र नियमित जल सिञ्चित गर्ने गरिन्छ। यसरी उम्रिएको जौको बिरुवालाई जमरा वा जयन्ती भनिन्छ। नवरात्रीभर पूजा स्थलमा दीप प्रज्वलन गर्ने परम्परा पनि छ।

धार्मिक मान्यताअनुसार तेलको दीपले पाप नाश गर्ने र घिउको दीपले घरमा सुख तथा आनन्द कायम राख्ने विश्वास गरिन्छ। कतिपय स्थानमा नवरात्रीभर अखण्ड दीप प्रज्वलन गरिन्छ।

नवरात्रीमा माता दुर्गाका नौ स्वरूप शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी र सिद्धिदात्रीको क्रमशः पूजा गरिन्छ। नवौँ दिन सिद्धिदात्रीको पूजा गरेपछि नवरात्रीको मुख्य पूजाविधि सम्पन्न हुन्छ। असोज शुक्ल दशमीका दिन विजयादशमी मनाउँदै दुर्गापूजा समापन गरिन्छ।

मिथिलाञ्चलमा नवरात्रीको विशेषता यहाँ प्रचलित मौलिक धार्मिक विधिहरू पनि हुन्। 'बेलनोती', 'बेलतोड़ी', 'खोइछ भरी' र 'कुमारी भोजन' जस्ता परम्पराले यहाँको दुर्गापूजालाई विशिष्ट बनाएका छन्।

नवरात्रीको छैटौँ दिन मनाइने 'बेलनोती' विधिमा माता कात्यायनीको पूजा गर्नुका साथै दुर्गापूजा हुने स्थलका लागि बेलको रुखलाई निमन्त्रणा दिने परम्परा छ। यस क्रममा बेलको रुखमा रहेका जुम्ल्याहा बेललाई पहेँलो वा रातो कपडाले बाँधेर विधिपूर्वक निमन्त्रणा गरिन्छ। त्यसपछि सातौँ दिन निमन्त्रणा दिइएको बेललाई काटेर पूजा स्थलमा भित्र्याइन्छ। यस विधिलाई 'बेलतोड़ी' भनिन्छ।

सातौँ दिन नै मिथिलाञ्चलका महिलाहरूले शक्तिपीठ वा पूजा स्थलमा 'खोइछ भरी' विधि गर्ने चलन छ। यस क्रममा दुबो, धान, बेसारको गाँठो, सिन्दूर, सुपारी, पान र भेटीसहितको सामग्री देवी दुर्गाको पोल्टामा चढाइन्छ। परिवारको सुख, समृद्धि र कल्याणको कामनासहित गरिने यो विधि मिथिलाञ्चलको धार्मिक संस्कृतिको महत्त्वपूर्ण पक्ष हो।

मिथिलाञ्चलमा नवरात्रीभर निराहार व्रत बस्ने परम्परा पनि छ। निराहार व्रत बस्नेहरूले नवमीका दिन कुमारी कन्याको पूजा गरी भोजन गराउने गर्छन्। यसलाई 'कुमारी भोजन' भनिन्छ। नवरात्रीको अन्तिम दिन आफूभन्दा ज्येष्ठ तथा श्रेष्ठजनबाट जयन्ती अर्थात् जमरा ग्रहण गर्ने र हातमा कवच बाँध्ने परम्परा पनि रहेको छ।

धार्मिक आस्था, पारिवारिक सुख–समृद्धिको कामना र मौलिक सांस्कृतिक परम्परासँग जोडिएको मिथिलाञ्चलको नवरात्री केवल पूजाआराधनामा सीमित छैन। बेलनोतीदेखि खोइछ भरी र कुमारी भोजनसम्मका विधिले यस क्षेत्रको विशिष्ट धार्मिक तथा सांस्कृतिक पहिचानलाई निरन्तरता दिँदै आएका छन्।

गैरकानुनीरुपमा बसिरहेका १० बंगलादेशी पक्राउ

मधेशदृष्टि
जनकपुरधाम।

सशस्त्र प्रहरी बल नेपालले नेपालमा अवैध रूपमा बसोबास गरिरहेको आरोपमा १० जना बंगलादेशी नागरिकलाई नियन्त्रणमा लिएको छ।

नम्बर १८ गण हेडक्वार्टर (विशिष्ट व्यक्ति तथा महत्वपूर्ण प्रतिष्ठान सुरक्षा), बाघभैरव, काठमाडौँबाट प्रहरी निरीक्षक गणेश न्यौपानेको नेतृत्वमा खटिएको टोलीले उनीहरूलाई पक्राउ गरेको हो।

अवैध रूपमा नेपाल प्रवेश गरी विभिन्न पस्मिना कारखानामा काम गरिरहेको भन्ने सूचनाका आधारमा सशस्त्र प्रहरीको टोली परिचालन गरिएको थियो।

सोही क्रममा काठमाडौँका पाँचवटा पस्मिना उद्योगबाट उनीहरूलाई नियन्त्रणमा लिइएको सशस्त्र प्रहरी बलका प्रवक्ता डीआईजी नेत्र कार्कीले जानकारी दिए।

प्रहरीका अनुसार ईन्द्र श्रेष्ठको रुबी पस्मिना कम्पनी, मुके शेर्पाको लिस्टिमाई पस्मिना उद्योग, राजु महतको आरपी पस्मिना उद्योग, ईबकुमारी तिरुवाको सिद्धार्थ सिवानी पस्मिना उद्योग र श्यामप्रसाद बजगाईंको गोल्डेन पस्मिना ह्यान्डिक्राफ्टबाट उनीहरू पक्राउ परेका हुन्।

पक्राउ पर्नेमा ४५ वर्षीय मोहम्मद मुक्तर होसेन, ३९ वर्षीय अब्बास अली, ४६ वर्षीय रफिक आलम, ४० वर्षीय मोहम्मद अरिफ सोसन, ३० वर्षीय अजिजुल, २९ वर्षीय अब्दुल कादर, ३७ वर्षीय मोहम्मद आलम, ३६ वर्षीय मेहेताब मण्डल, २० वर्षीय रातुल इस्लाम र ३० वर्षीय बसर खान रहेका छन्।

पक्राउ परेका १० जनालाई आवश्यक कारबाहीका लागि काठमाडौँको कालिकास्थानस्थित अध्यागमन विभागमा पठाइएको सशस्त्र प्रहरी प्रवक्ता कार्कीले बताए।

उनीहरू नेपालमा कुन प्रक्रियाबाट प्रवेश गरेका थिए र उनीहरूको बसोबास तथा कामसम्बन्धी कागजातको अवस्था के थियो भन्नेबारे थप विवरण भने सार्वजनिक गरिएको छैन।

मधेशी आयोगको आठौँ वार्षिक प्रतिवेदन प्रदेश प्रमुखसमक्ष पेस

मधेशदृष्टि
जनकपुरधाम।

मधेशी आयोगका कार्यवाहक अध्यक्ष जीवछ साहले मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णसमक्ष आयोगको आठौँ वार्षिक प्रतिवेदन पेस गरेका छन्।

बिहीबार प्रदेश प्रमुखको कार्यालयमा आयोजित कार्यक्रममा कार्यवाहक अध्यक्ष साहले नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम आर्थिक वर्ष २०८२/०८३ मा आयोगले सम्पादन गरेका कामकारबाही समेटिएको प्रतिवेदन प्रदेश प्रमुख कर्णलाई



बुझाएका हुन्।

संवैधानिक व्यवस्थाअनुसार आयोगले आर्थिक वर्षभरि गरेका काम, गतिविधि तथा प्रगति विवरण समेटेर वार्षिक प्रतिवेदन पेस गरेको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ।

आयोगको आठौँ वार्षिक प्रतिवेदनमा आर्थिक वर्ष २०८२/८३ मा आयोगले गरेका कामकारबाहीको विवरण समेटिएको छ।

साढे दुई अर्ब बिगोमा उन्मुक्ति दिने प्रयास ?

महान्यायाधीवक्ताको कार्यालयमा तानिए पर्साका न्यायाधीवक्ता गुप्ता



मधेशदृष्टि
वीरगंज।

जिल्ला सरकारी वकिल कार्यालय पर्साका न्यायाधिवक्ता मनोजप्रसाद गुप्ता महान्यायाधिवक्ताको कार्यालयमा तानिएका छन्। तर यो उनको बढुवा होइन, पर्वका बेला कारबाही हो।

महान्यायाधिवक्ता कार्यालयले असोज २८ गते निर्णय गर्दै 'सरकारी वकिलसम्बन्धी नियमावली, २०७७' को नियम २१ (३) बमोजिम अर्को आदेश वा व्यवस्था नभएसम्मका लागि गुप्तालाई काजमा तानेको हो।

गुप्ताले झन्डै साढे २ अर्ब रूपैयाँ जति बिगो कायम गरिएको मुद्दामा बदमासी गरेर हुन्डीको मात्र अभियोजन गरेको प्रहरीको दाबी छ। 'संगठित अपराध' र 'सम्पत्ति शुद्धीकरण'सम्बन्धी कसुरमा अभियोग नलगाएपछि गुप्ताको स्वार्थ देखिएको हो।

भारतको रक्सौलबाट अवैध रूपमा नेपाली रुपैयाँ भित्र्याउने, विभिन्न व्यक्तिका बैंक खातामा जम्मा गर्ने र फोनेपे तथा कनेक्ट आईपीएसमार्फत रकम स्थानान्तरण गर्ने कारोबारमा संलग्न रहेको आरोपमा १० जनाविरुद्ध साढे २ अर्ब रुपैयाँभन्दा बढी बिगो दाबी गर्दै मुद्दा दायर भएको थियो। ठूलो आर्थिक कारोबारको अनुसन्धानमा प्रहरीले सिफारिस गरेका संगठित अपराध र सम्पत्ति शुद्धीकरणका कसुरमा अभियोजन नभएपछि गुप्ता शंकाको घेरामा परेका हुन्।

पर्साका जिल्ला न्यायाधीवक्ता मनोजप्रसाद गुप्ता प्रहरीले बैंक विवरण, रकम जम्मा गरेका भौचर, प्रतिवादीका बयान, मोबाइल तथा ह्वाट्सएप संवाद र वित्तीय कारोबारको विश्लेषणका प्रमाणमा पनि मौन बसेका थिए। जिल्ला सरकारी वकिल कार्यालय पर्साले २०८३ असोज ७ गते जिल्ला अदालतमा दायर गरेको अभियोगपत्रमा मुलुकी अपराधसंहिता, २०७४ को दफा १२५(क)अन्तर्गत हुन्डीसम्बन्धी कसुरमा मात्रै अभियोग लगाएपछि गुप्ता चाडपर्वका बेला पर्साबाट तलब खानेगरी काठमाडौँ तानिएका छन्।

घटनाको सुरुवात

साउन २५ गते साँझ वीरगंज महानगरपालिका–१० आदर्शनगरस्थित ग्लोबल आईएमई बैंकअगाडिबाट भारतको रक्सौलबाट हुन्डी कारोबारको रकम मोटरसाइकलमा ल्याइँदै गरेको गोप्य सूचनाको घटनामा प्रहरीले निगरानी बढायो। साँझ करिब साढे ६ बजे प्रदेश २–०३–००३ प ७२१५ नम्बरको मोटरसाइकलमा रहेका सागरकुमार साह, ना.५७प५१८२ नम्बरको मोटरसाइकल चलाइरहेका राहुलकुमार गुप्ता तथा उनीहरू नजिक रहेका सुरजकुमार र उपेन्द्र साहलाई प्रहरीले नियन्त्रणमा लिएको थियो।

उनीहरूबाट विभिन्न दरका नोटमा ५२ लाख ५० हजार रुपैयाँ नगद,

बाँकी पृष्ठ ३ मा



सम्पादकीय

खिन्न दसैँः उमङ्गविहीन बस्ती र नागरिकका अनुत्तरित सवाल

नेपालीहरूको महान् पर्व बडादसैँको आगमनसँगै गाउँगाउँ र सहरबजारमा उत्सवको छुट्टै रौनक हुनुपर्ने हो। तर, यसपटक मधेशका फाँटदेखि पहाडका बस्तीसम्म दसैँको कुनै उमङ्ग र उत्साह देखिँदैन। बजारहरू चहलपहलविहीन बनेका छन् भने सर्वसाधारणको अनुहारमा खुसी होइन, चिन्ता र निराशाको छाया स्पष्ट देखिन्छ। एकातिर आर्थिक अभाव र बढ्दो महँगीले सर्वसाधारणको ढाड सिएकै छ, अर्कातिर विपत् र न्यायको प्रतीक्षामा तड्पिरहेका नागरिकहरूको चीत्कारले दसैँको रौनकलाई पूर्ण रूपमा ओझेलमा पारिदिएको छ।

भोटेकोशीमा आएको भीषण बाढीका कारण आफ्ना प्रियजन गुमाएका र बेपत्ता भएकाहरूको परिवारमा अहिले चाडपर्व होइन, असीम पीडा र रोदन मात्रै छ। आफन्तको अझै अत्तोपत्तो नहुँदा उनीहरू शोकमा डुबेका छन्। यस्तो कठिन समयमा चाडबाडको सम्झनाले उनीहरूको घाउमा झन् नुनचुक छर्कने काम गरेको छ। विपत् प्रभावित क्षेत्रमा राहत र पुनःस्थापनाको गति सुस्त हुँदा पीडितहरू पालमुनि बसेर आँसु बगाउन बाध्य छन्। नागरिकहरू शोक र अभावमा छटपटाइरहेका बेला राज्यको कमजोर उपस्थिति र सुस्त उद्धार प्रयासले आममानिसमा निराशा थपिदिएको छ।

मधेश र देशका विभिन्न भागमा लामो समयदेखि न्यायको माग गर्दै संघर्षरत मिटरब्याजी पीडितहरूको समस्या अझै ज्यूँकात्यूँ छ। वर्षौंसम्म शोषण र उत्पीडनमा परेका यी गरिब तथा किसानहरूले राज्यबाट न्यायको आश्वासन त पाए, तर वास्तविक राहत र न्याय पाउन सकेका छैनन्। आफ्नै घरखेत लिलाम भएर सुकुम्बासी बनेका नागरिकका लागि दसैँ केवल एउटा अर्को आर्थिक दबाब र मानसिक यातनाको दिन मात्र बनेको छ। मिटरब्याजीहरूको अत्याचारबाट मुक्ति नपाउँदासम्म उनीहरूका लागि कुनै पनि पर्वले खुसी ल्याउन सक्दैन।

अर्कातिर, समाजमा आपराधिक घटनाहरू घट्नुको साटो झन्झन् बढ्दै गएका छन्। विशेष गरी महिला, बालबालिका र सर्वसाधारणको जीवन झन् असुरक्षित बन्दै गएको छ। दिनप्रतिदिन हुने हिंसा, जबर्जस्ती करणी र चोरी–डकैतीका घटनाले नागरिकमा भय र त्रासको वातावरण सिर्जना गरेको छ। शान्ति सुरक्षाको प्रत्याभूति गराउनुपर्ने निकायहरूको फितलो उपस्थितिका कारण आममानिसले आफ्नै घरआँगनमा समेत असुरक्षित महसुस गरिरहेका छन्। सुरक्षाको अभावमा त्रासैत्रासमा मनाइने चाडपर्वको कुनै अर्थ रहँदैन।

अभाव, दबाब, अन्याय र असुरक्षाको चौतर्फी घेराबन्दीमा परेका नागरिकका लागि यसपटकको दसैँ खिन्न र उराठलाग्दो बनेको छ। बजारको शून्यता केवल आर्थिक मन्दीको सङ्केत मात्र होइन, यो राज्यप्रतिको नागरिक निराशाको प्रतिबिम्ब पनि हो।

तसर्थ, सरकार र सम्बन्धित निकायहरूले चाडपर्वको औपचारिक शुभकामनामा मात्र सीमित नभई विपत् पीडितको द्रुत उद्धार, मिटरब्याजी पीडितलाई तत्काल न्याय र समाजमा पूर्ण शान्ति सुरक्षाको प्रत्याभूति गराउनेतर्फ गम्भीर कदम चाल्नु अपरिहार्य छ। नागरिकको अनुहारमा न्याय र सुरक्षाको मुस्कान नफर्किएसम्म कुनै पनि उत्सवको वास्तविक अर्थ रहँदैन।

दसैँसँगै बाँचेका गुणबहादुरहरु

रेणु त्वानावासु/रासस

दसैँको चाडसँगै बाँचेका गुणबहादुरहरुले भक्तपुरको संस्कृतिमा टेवा पुर्याउँदै आएको २५ वर्ष नाघेको छ।

दसैँ भन्नासाथ मीठोमसिनो खाने, रमाइलो गर्ने भन्ने आउँछ, तर, अरुलाई मीठो खुवाउन व्यापारसँग जोडिएका गुणबहादुरहरु राँगो बिक्रीमा निरन्तर लागि पर्दै आउनुभएको छ।

भक्तपुरमा दसैँको रौनक अलि फरक छ। भोजमा खसीबोकाभन्दा राँगाको मासुको विशेष महत्व छ। टोलटोलमा राँगो काट्ने र त्यसको मासु भाग लगाएर घरघरमा लैजाने संस्कृतिकोको पहिचान हो, भक्तपुरको । यस्तै पहिचानले गुणबहादुर बिसुरुवाजस्ता व्यापारीको जीवन धानिरहेको छ।

उहाँ यसवर्ष ३० वटा राँगा लिएर व्यापार गर्न भक्तपुर आउनुभएको छ। गुणबहादुरका लागि राँगा बेच्नु केबल दसैँको व्यापार होइन, वर्षौंदेखि जीविकोपार्जनको आधार पनि हो।

सडकछेउको पालमुनि बास

भक्तपुरका सन्दर्भमा दसैँ होस् या अन्य समय राँगो बेच्ने स्थान हो महेश्वरीस्थान। तर पनि राँगा बेच्न आउने व्यापारीको बसाइँ यहाँ◌ँ सहज छैन। उहाँहरू राँगा राखिएकै ठाउँमा सडकछेउ पाल टाँगेर जीवन चलाउनुहुन्छ।

के होला गुणबहादुरहरुको अबको दसैँ?

सबैलाई थाहा छ समय सधैँ उस्तै कहाँ रहन्छ र ! कुनै समय दसैँ आउनु महिना दिनअघिदेखि नै राँगा किन्ने र बेच्नेको भीड लाग्ने भक्तपुरको महेश्वरीस्थानमा अहिले भने पहिलेको जस्तो चहलपहल छैन।

दसैँका लागि राँगा बेच्न आएका व्यापारी ग्राहकको प्रतीक्षामा छन्। दसैँको परम्परासँगै आफ्नो जीविकोपार्जनमा जोडिएकका लागि यसपालीको दसैँ अपेक्षाभन्दा खल्लो बनेको छ। तर घटस्थापनाका दिन महेश्वरीस्थान आइपुग्नुभएका रामबहादुरजस्ता धेरैले दसैँ नजिकिँदै गर्दा सोचेजस्तो व्यापार भएको छैन।

पहिलापहिला राँगा किन्न एक महिनाअघिदेखि नै ग्राहक आउँथे। अहिले एक हप्ताअघि मात्रै ल्याउँदा पनि ग्राहक पाउन मुस्किल छ, रामबहादुरले दुःखेसो पोख्नुभयो।

परम्परा बदलिँदा गुणबहादुरहरुको भविष्य अन्धकार

भक्तपुरमा राँगाको व्यापार घट्नुका पछाडि उपभोगको बदलिँदो शैली, वर्षभरि मासु उपलब्ध हुने अवस्था, गुठीको घट्दो सहभागिता र बजार व्यवस्थापनमा देखिएका कठिनाइ प्रमुख कारणका रूपमा औँल्याएको छ।

पहिले दसैँको मासु वर्षभरिका लागि सुकुटी बनाएर राख्ने चलन थियो । अहिले आवश्यक पर्दा बजारबाट मासु किन्न सकिने भएकाले दसैँका लागि धेरै राँगा किन्ने आवश्यकता छैन । अर्कोतर्फ, परम्परागत रूपमा सामूहिक भोज आयोजना गर्ने गुठीको सङ्ख्या वा सक्रियता घट्दा राँगाको माग प्रभावित भएको छ।

यद्यपि भक्तपुरको राँगाको बजार केबल किनबेचको ठाउँ होइन। यो स्थानीय संस्कृति, सामूहिक भोज र पुस्तौँदेखि चलिआएको परम्परासँग जोडिएको बजार हो।

यही बजारमा वर्षौंदेखि व्यापार गर्दै आएका गुणबहादुर बिसुरुवाजस्ता व्यापारीका लागि भने यो जीविकोपार्जनको आधार हो।

बजारमा ग्राहक नदेखिँदा उहाँको आशा अझै पूरा भएको छैन । उहाँको चिन्ता आफ्ना राँगा कहिले बिक्री हुन्छन् भन्नेमा मात्रै सीमित छैन वर्षौंदेखि यही व्यवसायमा टिकेका व्यापारीको भविष्य पनि यससँग जोडिएको छ।

दसैँमा अरूका घरमा मासु भित्रिन्छ, भोज पाक्छ र चाडपर्वको खुसी छाउँछ । तर त्यही खुसीका लागि राँगा बेच्न आएका व्यापारी भने सडकछेउको पालमुनि बसेर आफ्नो व्यापार चल्ने आशा गरिरहेका छन्।

उहाँका लागि दसैँ कमाइको अवसर हो, परिवारको खर्च जुटाउने समय हो र वर्षौंदेखि अपनाउँदै आएको पेसालाई निरन्तरता दिने आधार हो।

भक्तपुरको राँगाको बजारमा घट्दो चहलपहलले एउटा प्रश्न उठाएको छ, परम्परा बदलिँदै जाँदा त्यसैमा निर्भर रहेका व्यापारीको जीविका कसरी जोगिएला?

परम्पराले धानेको व्यापार, घट्दै गएको बजार

भक्तपुरको महेश्वरीस्थानमा दसैँ सुरु हुनुभन्दा करिब एक साता अघिदेखि राँगाको बजार लाग्छ। चितवन, रामेछाप, वीरगंज, सिन्धुपाल्चोक, गौशाला, भारत, कपिलवस्तु र नेपालगञ्जलगायत ठाउँबाट व्यापारी राँगा लिएर यहाँ आउँछन्।

यस वर्ष पनि आठदेखि १० वटा समूहमा व्यापारी राँगा बेच्न आएका छन्। भक्तपुरका स्थानीय कृष्णप्रसाद वासीलाई पहिलेको राँगाको बजार अझै सम्झना छ। उहाँका अनुसार कुनै समय दसैँका लागि महेश्वरीस्थानमा तीन हजारभन्दा बढी राँगा बिक्री हुन्थ्यो । अहिले सङ्ख्या घटेर करिब ५०० को हाराहारीमा सीमित छ। पहिला एउटा गुठीले कम्तीमा एउटा राँगो काट्ने चलन थियो। कुनैकुनै गुठीले दुईदेखि तीन वटासम्म काट्थे। "गुठीले एउटा मात्रै काट्छन्, कतिपयले काट्नै छाडेका छन्", उहाँले भन्नुभयो। पहिले दसैँका लागि एकैपटक धेरै मासु किनेर सुकुटी बनाउने चलन थियो।

दसैँमा काटिएको राँगाको मासु विभिन्न परिकार बनाएर खाने र बाँकी मासु सुकाएर राख्ने गरिन्थ्यो । बजारमा वर्षभरि नै मासु उपलब्ध हुन थालेपछि दसैँका लागि एकैपटक धेरै मासु किनेर राख्ने चलन घट्दै गएको स्थानीयको भनाइ छ। यही परिवर्तनले राँगाको बजारमा प्रत्यक्ष असर पारेको छ। पहिले दसैँमा राँगा बेचेर राम्रो आम्दानी गर्ने व्यापारी बिक्री नहुने चिन्तामा छन्।

रामेछापका व्यापारी राजन तिमल्सिना पनि यस वर्ष २५ वटा राँगा लिएर भक्तपुर आउनुभएको छ। उहाँले ल्याएका राँगाको मूल्य ६० हजारदेखि रु दुई लाखसम्म पर्छ। दसैँको समयमा राँगा बेचेर खर्च जुटाउने गरेको छु । तर यसपाला बजारमा खासै चहलपहल छैन, उहाँले भन्नुभयो। राँगा किन्ने ग्राहक घट्नुको असर व्यापारीको आम्दानीमा मात्रै सीमित छैन।

बिक्रीका लागि ल्याइएका राँगा लामो समयसम्म राख्नुपर्दा तिनको हेरचाह, दाना र पानीको व्यवस्थापनमा पनि उत्तिकै ध्यान दिनुपर्छ । बिक्री हुने आशामा टाढाटाढाबाट राँगा ल्याएका व्यापारीका लागि ग्राहकको प्रतीक्षा आफैँमा खर्चिलो बनेको छ।

राँगाको मासुमा भक्तपुरवासीको स्वाद

भक्तपुरको दसैँलाई राँगाको मासुका परिकारबिना पूर्ण मानिँदैन । यहाँका विभिन्न गुठी तथा समुदायमा सामूहिक भोज गर्ने परम्परा छ । भोजमा राँगाको मासुबाट तयार पारिने अनेक परिकारले विशेष स्थान पाउँछन्।

स्थानीयका अनुसार छोयला, दायकला, ख्वायला, सलाख्वा, भुटन र सेकुवाजस्ता परिकार भक्तपुरको परम्परागत भोजका महत्वपूर्ण मासुका परिकार हुन्।

पोलेर बनाइने छोयला, झोल भएको दायकला, पकाएर चिसो बनाइने ख्वायला, मासुको झोलबाट बनाइने पिरो सलाख्वा, भुटन र तेलमा तारेर बनाइने सेकुवाजस्ता परिकारले भोजको स्वाद बढाउँछन् । यी परिकार केबल खानाका विविधता मात्र होइनन्, भक्तपुरको सांस्कृतिक पहिचानसँग जोडिएका छन्।

दसैँमा गुठी तथा समूहले सामूहिक रूपमा राँगो काट्ने र मासु बाँडेर भोज गर्ने परम्पराले समुदायबीचको सम्बन्धलाई पनि निरन्तरता दिँदै आएको छ।

यद्यपि भक्तपुरमा दसैँका अवसरमा सबै प्रकारका पशु काट्ने चलन एउटै छैन । महाअष्टमीका दिन सवारीसाधनको पूजा गर्दा खसी वा बोका बलि दिने परम्परा पनि यहाँ प्रचलित छ।

महेश्वरीमै किन लाग्छ राँगाको बजार?

वीरगंज महानगरपालिका क्षेत्रको जितपुरबाट राँगा बेच्न आउनुभएका व्यापारी हली महोमदमियाका अनुसार महेश्वरीस्थानमा राँगा राख्ने परम्परा यहाँ पहिले खुला ठाउँ भएकाले सुरु भएको हो। फराकिलो क्षेत्र र नजिकै खोला भएकाले विभिन्न ठाउँबाट ल्याइएका राँगा यहाँ राख्न सहज थियो । तर अहिले अवस्था फेरिएको छ । वरिपरि बस्ती विस्तार भएको छ । खेलमैदान, सडक र अन्य संरचना बनेका छन्। नगरपालिकाले विभिन्न क्षेत्रमा पर्खाल लगाएकाले राँगा राख्न पर्याप्त ठाउँ पाउन कठिन भएको व्यापारीहरूको गुनासो छ।

खोलाको किनारमा पर्खाल बनेपछि राँगालाई पानी खुवाउन समस्या हुने गरेको बताउनुहुन्छ । पहिला झण्डै २०० राँगा ल्याएर बेच्थ्यौँ । अहिले ३० वटा पनि राख्ने ठाउँ पाउन गाह्रो छ, महोमदमियाँले भन्नुभयो । पहिले महेश्वरीस्थानमा राँगा राखेबापत शुल्क तिर्नुपर्ने व्यवस्था थिएन भने प्रत्येक राँगाको ५० रुपैयाँ तिर्नुपर्छ। शुल्क लिएपछि व्यापारीलाई आवश्यक सुविधा पनि उपलब्ध गराउनुपर्ने उहाँको माग छ।

भक्तपुर नगरपालिकाका कर अधिकृत प्रभासकुमार चालिसेका अनुसार महेश्वरीस्थानमा बिक्रीका लागि ल्याइएका प्रत्येक राँगाबापत दैनिक ५० रुपैयाँ शुल्क लिने गरिएको छ।

उहाँका अनुसार दुई वर्षअघि राँगा बोकेर ल्याइएको गाडीका आधारमा प्रतिगाडी ५०० रुपैयाँ शुल्क लिने गरिएको थियो । अहिले भने प्रतिराँगोका आधारमा शुल्क लिइँदै आएको छ।

व्यापारीहरू भने शुल्कसँगै राँगा राख्ने पर्याप्त ठाउँ, पानी र अन्य आधारभूत सुविधा पनि उपलब्ध हुनुपर्ने बताउँछन् । परम्परागत बजार सञ्चालन भइरहे पनि त्यसअनुसारको पूर्वाधार र व्यवस्थापन नहुँदा आफूहरूलाई समस्या परेको उनीहरूको गुनासो छ।

भक्तपुरका स्थानीय दसबहादुर मानन्धरका अनुसार महेश्वरीस्थानमा घटस्थापनादेखि फूलपातीसम्म मुख्य रूपमा राँगाको बजार लाग्छ। फराकिलो ठाउँ र नजिकै खोला भएकाले विगतदेखि नै यहाँ राँगा राख्ने गरिएको उहाँ बताउनुहुन्छ। पहिले भेलुखेलमा पनि राँगा राख्ने चलन थियो । अहिले ठाउँ अभावका कारण महेश्वरीस्थानमै बजार केन्द्रित भएको छ । फूलपातीको अघिल्लो दिनदेखि राँगा काट्नेक्रम सुरु हुन्छ त्यसैले महेश्वरीस्थानको बजार दसैँको तयारीसँग प्रत्यक्ष जोडिएको छ।

गुणबहादुरहरुको जीवन चलिरहोस्

दसैँको रौनकले गुणबहादुरको चुलो पनि बल्न सकोस्, उहाँले ल्याएका राँगा पनि बिक्री होऊन् र वर्षौंदेखि यही बजारमा टिकेको जीविकोपार्जनको आधार पनि नटुटोस्, भक्तपुरको महेश्वरीस्थानमा ग्राहकको प्रतीक्षामा बसेका व्यापारीहरूको आशा हो।

'डिजिटल' विज्ञापन नियमन प्राथमिकतामा

राष्ट्रिय समाचार समिति

विज्ञापन बजारलाई व्यवस्थित, पारदर्शी र उपभोक्तामैत्री बनाउन विज्ञापन बोर्डले 'डिजिटल' विज्ञापनको नियमन, सरकारी विज्ञापनको एकद्वार प्रणालीबाट व्यवस्थापन, लोककल्याणकारी विज्ञापनको समानुपातिक वितरण तथा विज्ञापनसम्बन्धी कानुन सुधारलगायतका विषयलाई प्राथमिकतामा राखेको छ।

बोर्डका अध्यक्ष सन्तोष श्रेष्ठले बुधबार सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनासमक्ष पेस गर्नुभएको वार्षिक प्रतिवेदनमा राष्ट्रिय विज्ञापन नीति, २०८३ कार्यान्वयन गर्दै विज्ञापन क्षेत्रको संस्थागत सुदृढीकरण, भ्रामक विज्ञापन नियन्त्रण, विज्ञापन प्रतिष्ठान स्थापनाको तयारी र सेवा प्रवाहलाई पूर्ण रूपमा डिजिटल बनाउने योजना समेटिएको छ । प्रतिवेदनमा आर्थिक वर्ष २०८२/८३ मा सम्पादन गरिएका काम, विज्ञापन बजारको नियमनमा देखिएका चुनौती तथा उपभोक्ता हित संरक्षण र वित्तीय पारदर्शिता अभिवृद्धिका लागि गरिएका प्रयाससमेत उल्लेख छन् । बोर्डको वार्षिक प्रतिवेदनअनुसार मन्त्रिपरिषद्बाट २०८३ असार १८ गते स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको 'राष्ट्रिय विज्ञापन नीति, २०८३' लाई मूल मार्गदर्शन मानेर बोर्डले विज्ञापन बजारको नियमन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउने योजना बनाएको छ।

सामाजिक सञ्जाल र डिजिटल विज्ञापनको निगरानी बढाइने

डिजिटल प्रविधि र सामाजिक सञ्जालमार्फत हुने विज्ञापनको तीव्र विस्तारसँगै त्यसको नियमनलाई प्रभावकारी बनाउने बोर्डको प्रमुख योजना रहेको छ।

छापा, रेडियो र टेलिभिजनजस्ता परम्परागत सञ्चारमाध्यमसँगै सामाजिक सञ्जाल, डिजिटल प्लेटफर्म, चलचित्र प्रदर्शनस्थल तथा सडक र सार्वजनिक स्थानमा राखिने बाह्य विज्ञापनको अनुगमन गर्न प्राविधिक प्रणाली र संस्थागत क्षमता विकास गरिने प्रतिवेदनमा उल्लेख छ।

विशेषगरी सामाजिक सञ्जालमा स्वास्थ्यसम्बन्धी आधारहीन दाबी, वैदेशिक रोजगारीका नाममा प्रलोभन, गैरकानुनी सट्टेबाजी, क्रिप्टोकरेन्सी तथा अन्य भ्रामक विज्ञापनको नियमनलाई थप प्रभावकारी बनाउने योजना बोर्डले अघि सारेको छ।

कृत्रिम बौद्धिकता (एआई), डिपफेक र इन्फ्लुएन्सर मार्केटिङजस्ता नयाँ प्रविधि तथा प्रचारशैलीका कारण विज्ञापन नियमन थप जटिल बन्दै गएको प्रतिवेदनमा उल्लेख छ। यस्ता माध्यमबाट उत्पादन हुने अतिरञ्जित र भ्रमपूर्ण विज्ञापन नियन्त्रण गर्न कानुनी, प्राविधिक तथा जनशक्तिगत क्षमता अभिवृद्धि आवश्यक रहेको बोर्डको निष्कर्ष छ । विदेशमा रहेका कम्पनी तथा अन्तरराष्ट्रिय डिजिटल प्लेटफर्ममार्फत नेपालमा प्रसारित हुने विज्ञापनको नियमनलाई पनि बोर्डले प्रमुख चुनौतीका रूपमा पहिचान गरेको छ।

विज्ञापनसम्बन्धी कानुन संशोधन गरिने

बोर्डले राष्ट्रिय विज्ञापन नीतिको मर्मअनुरूप 'विज्ञापन (नियमन गर्ने) ऐन, २०७६' लगायत विज्ञापन क्षेत्रसँग सम्बन्धित अन्य कानुन, नियमावली, कार्यविधि र मापदण्डमा आवश्यक संशोधन तथा परिमार्जन गर्ने योजना अघि सारेको छ। विज्ञापन बजारमा विकसित भइरहेका नयाँ प्रविधि, सामाजिक सञ्जालमार्फत हुने प्रचारप्रसार र उपभोक्तालाई भ्रममा पार्ने विज्ञापनका कारण देखिएका चुनौती सम्बोधन गर्न कानुनी व्यवस्थालाई समयसापेक्ष बनाइने प्रतिवेदनमा उल्लेख छ। यसका लागि अध्ययन तथा अनुसन्धान गरी नीतिगत सुझाव नेपाल सरकारसमक्ष पेस गर्ने र सम्बन्धित निकाय तथा सरोकारवालासँग समन्वय गर्ने बोर्डको योजना छ । विज्ञापन बजारमा विज्ञापनदाता, विज्ञापन एजेन्सी, सञ्चारमाध्यम र उपभोक्ताबीच स्वच्छ प्रतिस्पर्धा तथा जिम्मेवार व्यवहार सुनिश्चित गर्न कानुनी सुधारलाई प्राथमिकतामा राखिएको छ।

सरकारी विज्ञापन एकद्वार प्रणालीबाट व्यवस्थापन गरिने

बोर्डले नेपाल सरकार तथा सरकारअन्तर्गतका निकायबाट प्रकाशन र प्रसारण गरिने लोककल्याणकारी तथा अन्य विज्ञापन बोर्डमार्फत व्यवस्थापन गर्ने एकद्वार प्रणालीको योजना अघि सारेको छ।

यस व्यवस्थाबाट सरकारी विज्ञापनको वितरण, प्रकाशन तथा प्रसारण र भुक्तानी प्रक्रियालाई व्यवस्थित बनाउँदै पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ । त्यस्तै, लोककल्याणकारी विज्ञापनको वितरण प्रणालीलाई थप पारदर्शी, वस्तुपरक र समानुपातिक बनाउने बोर्डको योजना छ । विज्ञापन एजेन्सी दर्ता तथा नवीकरण र सञ्चारमाध्यमको सूचीकरण प्रक्रियालाई पूर्ण रूपमा डिजिटल बनाउँदै विज्ञापन बजारमा संलग्न सबै पक्षबीच समन्वय बलियो बनाइने प्रतिवेदनमा उल्लेख छ।

विज्ञापन बजारमा उत्कृष्ट काम गर्ने व्यक्ति तथा संस्थाको योगदानको सम्मान गर्न राष्ट्रिय विज्ञापन अवार्ड आयोजना गर्ने योजना पनि बोर्डले अघि सारेको छ।

विज्ञापन बोर्डलाई थप स्वायत्त र अधिकारसम्पन्न बनाउने आफूलाई सुम्पिएको जिम्मेवारी प्रभावकारी रूपमा पूरा गर्न आवश्यक स्रोतसाधन, दक्ष जनशक्ति र संस्थागत संरचना विकास गरी बोर्डलाई थप स्वायत्त तथा अधिकारसम्पन्न निकायका रूपमा अघि बढाउने योजना प्रतिवेदनमा समेटिएको छ।

विज्ञापन क्षेत्रको अध्ययन, अनुसन्धान र दक्ष जनशक्ति उत्पादनका लागि विज्ञापन प्रतिष्ठान स्थापना गर्न प्रारम्भिक प्रस्ताव तयार गर्ने पनि बोर्डको भावी कार्यदिशा छ। त्यस्तै, विज्ञापनसम्बन्धी आचारसंहिता पूर्ण रूपमा कार्यान्वयन गराउन सञ्चारमाध्यम र विज्ञापन एजेन्सीको निरन्तर अनुगमन गरिनेछ। विज्ञापनदाता, सञ्चारमाध्यम, विज्ञापन एजेन्सी तथा आम नागरिकका सुझाव, गुनासा र प्रतिक्रियालाई सम्बोधन गर्ने प्रणालीसमेत सुदृढ बनाइने प्रतिवेदनमा उल्लेख छ।

राष्ट्रिय विज्ञापन नीति कार्यान्वयनमा

विज्ञापन बजारको समग्र विकास, विस्तार र प्रभावकारी नियमनका लागि राष्ट्रिय विज्ञापन नीति, २०८३ निर्माण गरी मन्त्रिपरिषद्बाट स्वीकृत गराउनु आर्थिक वर्ष २०८२/८३ को प्रमुख उपलब्धिका रूपमा प्रतिवेदनमा उल्लेख छ । छापा तथा विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारणसम्बन्धी कार्यविधि स्वीकृत भई कार्यान्वयनमा आएको प्रतिवेदनमा उल्लेख छ । यसबाट लोककल्याणकारी विज्ञापनको उत्पादन, वितरण र भुक्तानी प्रक्रियालाई व्यवस्थित बनाउन सहयोग पुगेको बोर्डको भनाइ छ । प्रदेश तथा स्थानीय तहमा विज्ञापन नियमनसम्बन्धी कानुनी तथा नीतिगत स्पष्टता कायम गर्न पनि बोर्डले काम गरेको छ । प्रदेश विज्ञापन (नियमन गर्ने) निर्देशिकाको नमूना, बाह्य विज्ञापनमा प्रदेश सरकारको भूमिका, विज्ञापन कानुन तथा विज्ञापन करका विषयमा मधेस प्रदेशबाहेक छवटै प्रदेश सरकारसँग अन्तरक्रिया गरिएको छ।

'अनलाइन' माध्यम र विज्ञापन एजेन्सीको सूचीकरण बढ्यो

बोर्डले आर्थिक वर्ष २०८२÷८३ मा सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीको सूचीकरण र नवीकरणसम्बन्धी काम गरेको छ । प्रतिवेदनअनुसार उक्त अवधिमा १९७ अनलाइन सञ्चारमाध्यम सूचीकरण र २६८ को नवीकरण भएको छ । रेडियोतर्फ २० वटा सूचीकरण र ४४४ वटा नवीकरण तथा टेलिभिजनतर्फ आठ वटा सूचीकरण र ९० वटा नवीकरण गरिएको छ।

त्यसैगरी, ९२ विज्ञापन एजेन्सीको सूचीकरण र ३२४ वटाको नवीकरण गरिएको छ । पत्रपत्रिकातर्फ ९९ वटा सूचीकरण र २७६ वटा नवीकरण भएको बोर्डले जनाएको छ । लोककल्याणकारी विज्ञापन प्रसारणका लागि ९३ टेलिभिजन तथा ४५१ रेडियो र एफएम रेडियोको आवेदन स्वीकृत गरिएको छ । स्वीकृत विज्ञापन सामग्री प्रसारण गरेबापतको रकम बोर्डको स्वीकृतिअनुसार भुक्तानी गरिएको प्रतिवेदनमा उल्लेख छ।

'विज्ञापन प्रसारण सामग्री परीक्षणसम्बन्धी मापदण्ड, २०७८' बमोजिम २६ वटा विज्ञापन सामग्री परीक्षण गरिएको छ। लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी अनुगमन विभिन्न जिल्लाका हुलाक कार्यालय तथा हुलाक निर्देशनालयमार्फत गरिएको छ।

बाह्य विज्ञापनतर्फ बागलुङ, मकवानपुर, काभ्रेपलाञ्चोक, कैलाली, कञ्चनपुर, डोटी, डडेल्धुरा, कास्की, पाल्पा, नुवाकोट, धादिङ, उदयपुर, सिन्धुली, ताप्लेजुङ, सिन्धुपाल्चोकलगायत जिल्लाका विभिन्न स्थानमा राखिएका होर्डिङ बोर्डको अनुगमन गरिएको छ।

भ्रामक विज्ञापन नियन्त्रणमा सक्रियता

बोर्डले उपभोक्ता हित संरक्षण र विज्ञापनसम्बन्धी कानुनी व्यवस्थाको कार्यान्वयनका लागि विभिन्न विज्ञापनको अनुगमन, उजुरीको छानबिन तथा कारबाही प्रक्रिया अघि बढाएको प्रतिवेदनमा उल्लेख छ।

वैदेशिक रोजगारीका नाममा भ्रमपूर्ण तथा प्रलोभनमा पार्ने विज्ञापन नगर्न सार्वजनिक सूचना जारी गर्नुका साथै वैदेशिक रोजगार विभागलाई नियमनका लागि अनुरोध गरिएको थियो। त्यस्ता विज्ञापन तथा सूचना हटाउन पनि लगाइएको प्रतिवेदनमा उल्लेख छ।

सामाजिक सञ्जालमा कपाल उमार्ने, लामो वा बाक्लो बनाउने, हड्डी तथा नसासम्बन्धी पीडा कम गर्ने, शरीरको बोसो घटाउने, मिर्गौला सफा गर्ने तथा शरीरबाट विषाक्त पदार्थ हटाउनेजस्ता आधारहीन स्वास्थ्यसम्बन्धी दाबी गरिएका विज्ञापनमाथि पनि बोर्डले निगरानी गरेको छ।

औषधिजन्य दाबी गरिएका अनधिकृत तथा भ्रामक विज्ञापन गर्ने १५ सामाजिक सञ्जाल अकाउन्टलाई बन्द गर्न नेपाल दूरसञ्चार प्राधिकरणलाई पत्राचार गरिएको र अन्य १७ सामाजिक सञ्जालसँग सम्पर्क गरी भ्रामक विज्ञापन हटाउन लगाइएको प्रतिवेदनमा उल्लेख छ।

त्यस्तै, विज्ञापन आचारसंहिताविपरीत सामग्री प्रकाशन तथा प्रसारण भएको विषयमा विभिन्न सञ्चारमाध्यम र विज्ञापनदातासँग जवाफ माग्ने, सचेत गराउने तथा सामग्री हटाउन लगाउने काम गरिएको छ।

बोर्डले विदेशी टेलिभिजन च्यानलका सात मल्टिपल सिस्टम अपरेटर (एमएसओ) लाई क्लिन फिड प्रसारण गर्न सचेत गराएको छ। मदिरा उत्पादन तथा बिक्री वितरण गर्ने १३ डिस्टिलरीलाई पछिल्लो छ वर्षमा मदिराको विज्ञापन शीर्षकमा भएको खर्चको विवरण पेस गर्न पत्राचार गरी नियमनको दायरामा ल्याउने प्रक्रिया अघि बढाइएको छ।

निर्वाचनका समयमा विज्ञापनमा आचारसंहिता पालना भए÷नभएको अनुगमन गरिएको तथा सट्टेबाजीसम्बन्धी विज्ञापन रोक्न सार्वजनिक सूचना जारी गरिएको प्रतिवेदनमा उल्लेख छ। विभिन्न गैरकानुनी विज्ञापन गर्ने सात प्लेटफर्म बन्द गर्न नेपाल दूरसञ्चार प्राधिकरण र साइबर ब्यूरोलाई पत्राचार गरिएको छ।

विज्ञापन बजारलाई पूर्ण 'डिजिटल'

बोर्डले आफ्नो आन्तरिक प्रशासन, सेवा प्रवाह तथा अनुगमन प्रणालीलाई प्रविधिमा आधारित बनाएको जनाएको छ। विज्ञापन व्यवस्थापन सूचना प्रणालीमार्फत सेवा प्रवाह गरिनाका साथै जिआइओएमएस प्रणाली पूर्ण रूपमा लागू गरिएको प्रतिवेदनमा उल्लेख छ।

यसबाट सेवा प्रवाहलाई सहज, छरितो, पारदर्शी र व्यवस्थित बनाउने लक्ष्य राखिएको छ। सञ्चारमाध्यमले निर्धारित दररेटमा कारोबार गर्ने र विज्ञापन एजेन्सीमार्फत कारोबार गर्दा सञ्चारमाध्यमको बिलको प्रतिलिपि राख्नुपर्ने व्यवस्थाको कार्यान्वयनका लागि पनि पहल गरिएको छ। 'बाह्य विज्ञापनसम्बन्धी मापदण्ड, २०८१' कार्यान्वयनमा सहजीकरण गर्दै सहरी सौन्दर्य र सार्वजनिक सुरक्षालाई ध्यान दिने तथा स्थानीय तहको आन्तरिक राजस्व बढाउन प्राविधिक र कानुनी आधार तयार पार्ने कामसमेत गरिएको प्रतिवेदनमा उल्लेख छ। स्थानीय तहले निजी तथा सार्वजनिक सम्पत्तिमा राखिने बाह्य विज्ञापनबाट बहाल कर, अनुमति दस्तुर, नवीकरण दस्तुर र विज्ञापन करमार्फत आम्दानी गर्न सक्ने व्यवस्था कार्यान्वयनमा सहजीकरण गर्ने बोर्डको लक्ष्य छ।

आर्थिक अनुशासनमा शून्य बेरुजु

वित्तीय पारदर्शिता र जवाफदेहितालाई प्राथमिकता दिएको बोर्डले हाल फछ्र्योट हुन बाँकी बेरुजु शून्य रहेको जनाएको छ । प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७७÷७८ देखि सरकारी अनुदानका अतिरिक्त विज्ञापन (नियमन गर्ने) नियमावलीबमोजिम लोककल्याणकारी विज्ञापनको भुक्तानीबाट सङ्कलन हुने तीन प्रतिशत रकम बोर्डको आन्तरिक आम्दानीका रूपमा रहँदै आएको छ।

सरकारी अनुदान र आन्तरिक स्रोतबाट प्राप्त रकम वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी कानुनी व्यवस्थाअनुसार मितव्ययी रूपमा खर्च गरिँदै आएको बोर्डले जनाएको छ। प्रत्येक आर्थिक वर्ष आन्तरिक तथा महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण नियमित रूपमा सम्पन्न हुँदै आएको प्रतिवेदनमा उल्लेख छ।

नियमनमा जनशक्ति र प्रविधिको चुनौती

विज्ञापन बजारको विस्तारसँगै नियमनलाई प्रभावकारी बनाउन कानुनी, प्राविधिक तथा संस्थागत चुनौती रहेको बोर्डले औँल्याएको छ।

सामाजिक सञ्जाल, एआई, डिपफेक, इन्फ्लुएन्सर मार्केटिङ तथा अन्तरराष्ट्रिय डिजिटल प्लेटफर्ममार्फत हुने विज्ञापनको नियमन गर्न पर्याप्त प्राविधिक जनशक्ति, कानुनी स्पष्टता र संस्थागत संरचना आवश्यक रहेको प्रतिवेदनमा उल्लेख छ।

बोर्डको सङ्गठन संरचनाले पूर्णता नपाउनु, दरबन्दीअनुसार प्राविधिक जनशक्ति अभाव हुनु, कार्यालय भवन तथा भौतिक पूर्वाधार अपर्याप्त हुनु र कर्मचारीको तालिम तथा क्षमता विकासमा कमी रहनु पनि कामकारबाहीमा देखिएका समस्या हुन्।

विज्ञापनदाता, एजेन्सी र सञ्चारमाध्यमले आचारसंहिता, आधिकारिक दररेट र प्रचलित कानुनी व्यवस्था पालना नगर्दा नियमनमा कठिनाइ हुने बोर्डको भनाइ छ। सूचीकरण तथा नवीकरणमा पेस गरिएका कागजातको वैधानिकता परीक्षण, अन्तरनिकाय समन्वय र विज्ञापन बजारसम्बन्धी अनुसन्धानात्मक तथ्याङ्कको अभावलाई पनि चुनौतीका रूपमा पहिचान गरिएको छ।

यी समस्या समाधान गर्न कानुनी व्यवस्थाको समसामयिक संशोधन, नियामक निकायबीच समन्वय, विज्ञापनदाता तथा सञ्चारमाध्यमलाई सचेत गराउने, कर्मचारीको अनुभव आदानप्रदान गर्ने र सेवा प्रवाहसम्बन्धी सफ्टवेयर प्रणाली स्तरोन्नति गर्ने काम भइरहेको प्रतिवेदनमा उल्लेख छ । बोर्डले आगामी दिनमा कानुनी सुधार, डिजिटल नियमन, पारदर्शी विज्ञापन वितरण, संस्थागत सुदृढीकरण र उपभोक्ता हित संरक्षणलाई प्राथमिकता दिँदै विज्ञापन बजारलाई स्वच्छ, मर्यादित र उत्तरदायी बनाउने लक्ष्य राखेको छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

सोनासती मन्दिरमा तान्त्रिक मेला

महोत्तरी।
मधेशकै प्रसिद्ध देवी शक्तिपिठ मानिने महोत्तरीको औरही–७ भोइलस्थित सोनासती देवी मन्दिरमा तान्त्रिक मेलाको चहलपहल सुरु भएको छ।
बोलीचालीमा सोनामाई भनिने यो मन्दिरमा शारदीय नवरात्रमा तान्त्रिक मेलाको परम्परा छ । नवरात्रको पूm लपातीका दिनदेखि जम्ने यो मेला पञ्चमीकै दिन सुरु हुन्छ । यो तान्त्रिक मेलालाई आमरुपमा 'भूतमेला' भन्ने गरिन्छ।
'नवरात्रको पहिलो दिनदेखि नै बडादसैँ पर्वको पूजाआराधना सुरु हुन्छ, तर दुष्टात्माबाट



सताइएका भक्तजन पञ्चमीदेखि देवीको पुकारा गर्न आउँछन्।'
मन्दिरका पुजारी केदार झा भन्छन्, 'नवरात्रमा दुष्टात्माबाट सताइएका हरुको पुकार देवीले तत्काल निवारण गर्ने हाम्रो विश्वास छ।' मेलामा रुँदै कराउँदै मन्दिर परिसरमा कष्टबाट छुटकारा पाउन देवीको पुकारा गर्ने पुरानो परम्परा छ।
पञ्चमीदेखि नवमीसम्मको यो मेलामा मधेशका मात्र नभएर बागमती र कोशी प्रदेशका मकवानपुर, सिन्धुली र उदयपुरसम्मका भक्तजनको बाक्लो उपस्थिति हुँदै आएको छ।
यहाँ छिमेकी मित्रराष्ट्र भारतको विहार राज्यका सीतामढी, मधुवनी, झञ्झारपुर, चम्पारन, शिवहर र मुजफ्फरपुर जिल्लासम्मका श्रद्धालु पुग्ने गरेका छन् । मेला दुःखीजनको कष्ट निवारणका लागि देवीको पुकारा गरिनेसँग सम्बन्धित छ । देवी सोनासतीको पुकारालेे कष्ट निवारण भएपछि जीवनभरि दुष्टात्माले असर गर्न नसक्ने विश्वास छ।
नयाँ पुस्ताका युवायुवती भने भूत, पिसाच र बोक्साबोक्सीजस्ता मान्यता र रोगव्याधिका कुरालाई कथित दुष्टात्मासँग जोड्नु भ्रममात्र भएको बताउँछन्।
नवरात्रमा देवी दुर्गाको महत्व उजागर गर्नु र मातृसत्ताप्रति श्रद्धाभाव जगाउनु उन्नत संस्कार हो।

२३३ परिवारले पाए जग्गाधनी प्रमाणपुर्जा



मधेशदृष्टि
जनकपुरधाम।
धनुषाको धनौजी गाउँपालिकामा २३३ परिवारलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको छ।
गाउँपालिका अध्यक्ष राजकुमार साहको प्रमुख आतिथ्यमा बिहीबार गाउँपालिका–३ अन्तर्गत साविक झोझी कटैया गाविसका वडा नम्बर १ देखि ९ सम्मका जग्गाधनीलाई प्रमाणपुर्जा वितरण गरिएको हो।
२०७२ सालमा जग्गा नापी गरिए पनि स्थानीयले करिब ११ वर्षपछि मात्र जग्गाधनी प्रमाणपुर्जा प्राप्त गरेका हुन् । लामो समयदेखि पुर्जाको प्रतीक्षामा रहेका स्थानीयले प्रमाणपुर्जा पाएसँगै आफ्नो जग्गाको कानुनी स्वामित्व सुनिश्चित गर्ने आधार प्राप्त गरेका छन्।
प्रमाणपुर्जा वितरण कार्यक्रममा गाउँपालिका अध्यक्ष साहले जग्गाधनी प्रमाणपुर्जा सम्पत्तिको कानुनी स्वामित्व सुनिश्चित गर्ने महत्त्वपूर्ण आधार भएको उल्लेख गर्दै आफ्नो जग्गासम्बन्धी अधिकार सुरक्षित राख्न स्थानीयलाई आग्रह ।गरे । त्यस्तै, नापी कार्यालय धनुषाका प्रमुख उमेशकुमारले योग्य जग्गाधनीसम्म प्रमाणपुर्जा पु¥याउने उद्देश्यले वितरण प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाइएको बताए । उनले जग्गाधनी प्रमाणपुर्जाले स्थानीयको सम्पत्तिमाथिको कानुनी अधिकार सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्ने उल्लेख गरे । प्रमाणपुर्जा प्राप्त गरेपछि स्थानीयलाई जग्गाको स्वामित्वसम्बन्धी प्रमाण सुरक्षित राख्न तथा आवश्यक कानुनी र प्रशासनिक कामकाज गर्न सहज हुने अपेक्षा गरिएको छ।

डा. झाको अगुवाईमा स्थानीय तह निर्वाचनबारे छलफल

मधेशदृष्टि
जनकपुरधाम।
समाजसेवी तथा छाला रोग एवं सौन्दर्य विशेषज्ञ डा. प्रसन्न झाको अगुवाईमा विजयदशमी, दीपावली तथा छठ पर्वको अवसर पारेर शुभकामना आदानप्रदान कार्यक्रम भएको छ । कार्यक्रममा जनकपुरधामका समाजसेवी, शिक्षाविद्, साहित्यकार तथा विभिन्न क्षेत्रका अगुवाहरूको सहभागिता रहेको थियो।
कार्यक्रममा सहभागीहरूले एकअर्कालाई चाडपर्वको शुभकामना व्यक्त गर्दै आपसी सद्भाव, सामाजिक एकता र सहकार्यको महत्वबारे चर्चा गरेका थिए। चाडपर्वले समाजमा आपसी सम्बन्ध सुदृढ बनाउनुका साथै विविधताबीच एकता कायम गर्न सहयोग पु¥याउने धारणा सहभागीहरूले व्यक्त गरेका थिए।
शुभकामना आदानप्रदानसँगै कार्यक्रममा आगामी स्थानीय तह तथा प्रदेशसभा निर्वाचनका विषयमा खुला छलफलसमेत गरिएको थियो । सहभागीहरूले समसामयिक राजनीतिक अवस्था र निर्वाचनसँग सम्बन्धित विषयमा आ–आफ्ना धारणा राखेका थिए।
कार्यक्रममा इन्जिनियर भगवान झा, आँखा अस्पतालका प्रमुख रघुबीर राय, समाजसेवी रामनारायण झा, पूर्वप्रधानाध्यापक नारायण झा, सुरेश साह, घनश्याम मण्डल, संयुक्त ट्रेड युनियनका केन्द्रीय महासचिव इन्द्रदेव मिश्र, समाजसेवी सरोज मण्डल, पूर्वकृषि प्रमुख काशीकान्त झा, पूर्वप्राध्यापक शम्भुनाथ झा, कवि काशीकान्त झा, शिक्षाविद् लव झा सहितको उपस्थिति रहेको थियो।

सर्लाहीका बाबु थापा पेस्तोलसहित पक्राउ

मधेशदृष्टि
सर्लाही।
सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश रणबहादुर बमको हत्यामा संलग्न एक फरार प्रतिवादी हतियार र गोलीसहित पक्राउ परेका छन् । सर्लाहीको बागमती नगरपालिका–१ का ४८ वर्षीय मेघराज भन्ने बाबु थापालाई प्रहरीले नियन्त्रणमा लिएको हो । प्रहरी नायब उपरीक्षक (डिएसपी) वेदप्रसाद गौतमका अनुसार थापालाई घरमा सुतिरहेको अवस्थामा विशेष सूचनाका आधारमा पक्राउ गरिएको हो । खानतलासीका क्रममा उनको साथबाट 'मेड इन युएसए' लेखिएको एउटा पेस्तोल, अर्को एक थान पेस्तोल, ३ वटा म्यागजिन र १५ राउन्ड गोली बरामद भएको छ । बरामद हतियारसहित थापालाई जिल्ला प्रहरी कार्यालय सर्लाहीमा राखी थप अनुसन्धान कार्य अगाडि बढाइएको प्रहरीले जनाएको छ।

पश्चिमी वायुको प्रभावले आज र भोलि वर्षाको सम्भावना

काठमाडौँ।
आज र भोलि देशका विभिन्न स्थानमा वर्षा तथा हिमपातको सम्भावना छ।
पश्चिमी न्यून चापीय प्रणालीको आंशिक प्रभावका कारण यस्तो सम्भावना बनेको हो । नेपाल मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली भूभागका केही स्थान तथा पहाडी भूभागका एक–दुई स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षा तथा हिमपात हुने सम्भावना छ।
त्यसैगरी, कोशी र बागमती प्रदेशका हिमाली तथा पहाडी भूभागका एक–दुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षा तथा हिमपातको सम्भावना रहेको महाशाखाले जनाएको छ।
लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भूभागका एक–दुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षा हुन सक्ने पूर्वानुमान गरिएको छ । वर्षाको सम्भावना रहेकाले कृषि कार्यमा संलग्न सर्वसाधारण तथा सम्बन्धित सबै सरोकारवाला निकायलाई मौसमसम्बन्धी सूचना र पूर्वानुमानबारे नियमित जानकारी लिन तथा आवश्यक सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ।

सातौँ, आठौँ र नवौँ तहका अधिकृतको विज्ञापनमा रोक

मधेशदृष्टि
जनकपुरधाम।
मधेश प्रदेश लोक सेवा आयोगले प्रदेश निजामती सेवातर्फका नवौँ, आठौँ र सातौँ तहका अधिकृत पदको विज्ञापन रोकेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट रिक्त दरबन्दीको माग नआएपछि आयोगले निर्धारित समयमा विज्ञापन प्रकाशन गर्न नसकेको हो । आयोगको वार्षिक कार्यतालिका अनुसार असोज २९ गते (असोजको अन्तिम बिहीबार) प्राविधिक तथा अप्राविधिकतर्फका अधिकृत तहको नयाँ भर्ना आह्वान हुनुपर्ने तालिका थियो । मुख्यमन्त्री कार्यालयले गत असोज २३ गते आयोगलाई पत्राचार गर्दै दरबन्दी कटौती तथा सर्वेक्षणका कारण नयाँ भर्ना रोकिएको जनाएको हो।

सडकमा सामग्री थुपारिँदा आवागमनमा समस्या

मधेशदृष्टि
वीरगंज।
पर्साको आत्माराम पथमा नाला निर्माणका क्रममा सडकमा निर्माण सामग्री तथा मेसिन थुपार्दा सर्वसाधारणको आवागमन प्रभावित भएको भन्दै स्थानीयले विरोध जनाएका छन् । विन्दवासिनी गाउँपालिकादेखि पकाहामैनपुर गाउँपालिकासम्म भइरहेको नाला निर्माणका क्रममा सडकमा माटो, ग्रेबल, गिट्टी, बालुवा र निर्माणमा प्रयोग हुने मेसिन राखिएको स्थानीयको गुनासो छ । यसले पैदलयात्री तथा दैनिक आवतजावत गर्ने सर्वसाधारणलाई सास्ती भएको उनीहरूको भनाइ छ । स्थानीय चन्द्रिका पटेलको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय पर्सा र भौतिक पूर्वाधार कार्यालयमा निवेदन दिँदै निर्माण सामग्री हटाएर सडक आवागमन सहज बनाउन माग गरिएको छ । सडकबाट सामग्री हटाउन आग्रह गर्दा ठेकेदारले धम्की दिएको आरोपसमेत स्थानीयले लगाएका छन् । यद्यपि, यस विषयमा ठेकेदार पक्षको प्रतिक्रिया प्राप्त हुन सकेको छैन । स्थानीयको निवेदनपछि जिल्ला प्रशासन कार्यालय पर्साले आवश्यक कारबाहीका लागि भौतिक पूर्वाधार कार्यालयलाई पत्राचार गरेको जनाइएको छ।

साढे दुई अर्ब बिगोमा उन्मुक्ति दिने...

पाँच थान मोबाइल र दुईवटा मोटरसाइकल बरामद भएका थिए । सागरकुमारको कालो झोलाबाट १८ लाख ३४ हजार रुपैयाँ, राहुलकुमारको शरीर तथा कपडाका खल्तीबाट १६ लाख रुपैयाँ, सुरजकुमारबाट एक लाख रुपैयाँ र उपेन्द्र साहबाट १७ लाख १६ हजार रुपैयाँ बरामद भएको थियो।
स्रोतको खोजी
स्रोत खोज्ने क्रममा प्रहरीले बैंक भौचर, खाताको विवरण र मोबाइलमा रहेका संवादको अनुसन्धान गर्दा र पक्राउ परेका व्यक्तिका बयानअनुसार भारतबाट ल्याइएको नेपाली रुपैयाँ विभिन्न व्यक्तिका बैंक खातामा जम्मा गर्ने र त्यसपछि डिजिटल माध्यमबाट अर्को खातामा पठाउने गरिएको थियो । यही कारोबारलाई प्रहरीले हुन्डीको सञ्जालसँग जोडेर अनुसन्धान गरेको थियो।
संलग्नहरुको विवरण
राहुलकुमार गुप्ताले भारतको रक्सौल घर बताउने राकेश साह, सुनिल साह र विवेक साहले नेपाली रुपैयाँ नेपाल ल्याएर विभिन्न व्यक्तिका खातामा जम्मा गर्न लगाउने गरेको बयान दिएका थिए।
मासिक १५ हजारदेखि १८ हजार रुपैयाँसम्म लिएर उनले यस्तो गर्दै आएका थिए । उनले दैनिक पाँच लाखदेखि सात लाख रुपैयाँसम्म खातामा जम्मा गर्ने र बैंक भौचर ह्वाट्सएपमार्फत रकम दिने व्यक्तिलाई पठाउने गरेको बताएका थिए।
उपेन्द्र साहले वीरगंजमा हार्डवेयर पसल सञ्चालन गर्दै आएको र भारतको मोतिहारी घर बताउने अशोक गुप्ता तथा रविरञ्जन गुप्ताको निर्देशनमा बैंक खातामा रकम जम्मा गर्न थालेको बताएका थिए । त्यसबापत मासिक २२ हजार रुपैयाँसम्म दिने भनिएको उनको बयान छ । एक पटकमा २५ लाख रुपैयाँसम्म रकम उपलब्ध गराइने र आफू तथा सुरजकुमार मिलेर विभिन्न खातामा रकम जम्मा गर्ने गरेको उनले बताएका थिए।
सुरजकुमारले पनि अशोक गुप्ता र रविरञ्जन गुप्तासँगको सम्पर्कपछि रकम जम्मा गर्ने र स्थानान्तरण गर्ने काममा संलग्न भएको बताएका थिए।
सागरकुमार साहले भने आफू बारा जिल्लाको परवानीपुरमा हार्डवेयर पसल सञ्चालन गर्ने र बरामद १८ लाख ३४ हजार रुपैयाँ पसलको बिक्रीबाट प्राप्त भएको रकम बैंकमा जम्मा गर्न लैजाँदै गर्दा पक्राउ परेको दाबी गरेका थिए । परिवारको नाममा रहेको ऋणसम्बन्धी बैंक खातामा रकम जम्मा गर्न लागेको उनको भनाइ छ। तर, अभियोगपत्रमा उनको मोबाइलमा भेटिएका बैंक भौचर र अन्य प्रतिवादीका बयानलाई रकम हुन्डी कारोबारसँग सम्बन्धित रहेको दाबीको आधार बनाइएको छ।
प्रहरीले अभियोगपत्रमा समावेश वित्तीय विश्लेषणअनुसार प्रतिवादीका बैंक खाताको विवरण, बरामद रकम र बैंक भौचरसमेतका आधारमा कुल २ अर्ब ३९ करोड १२ लाख ८६ हजार ९ सय ७३ रुपैयाँ बिगो कायम गरेको थियो।
सागरकुमार साहको नामका १७ वटा बैंक खाताको विवरण, बैंक भौचर र बरामद रकमसमेत जोड्दा १ अर्ब ३९ करोड ९८ लाख १२ हजार २ सय ७७ रुपैयाँभन्दा बढीको कारोबार भएको थियो । उपेन्द्र साहका नौवटा बैंक खातामा ४६ करोड ९७ लाख पाँच हजार ४ सय ३४ रुपैयाँ, नितेश गुप्ताका नौवटा खातामा २२ करोड २३ लाख ८२ हजार ८ सय ९१ रुपैयाँ र राजिनकुमार कलवारका तीनवटा खातामा १० करोड २९ लाख ३० हजार ९ सय ३९ रुपैयाँ बराबरको कारोबार देखिएको अभियोगपत्रमा उल्लेख थियो।
त्यस्तै, प्रेमेश सर्राफ सोनारका चारवटा खातामा ६ करोड २३ लाख ४८ हजार ६ सय ३६ रुपैयाँ, राममंगल तिवारीका दुईवटा खातामा ४ करोड ११ लाख ५४ हजार १ सय ७६ रुपैयाँ, सुरजकुमारका दुईवटा खातामा ३ करोड ८९ लाख १६ हजार ६ सय ६९ रुपैयाँ र राहुलकुमार गुप्ताका १३ वटा खातामा ३ करोड सात लाख ६६ हजार ३ सय ७० रुपैयाँभन्दा बढीको कारोबार देखिएको छ।
अहमद अन्सारीका दुईवटा खातामा १ करोड ३६ लाख ७८ हजार ३ सय ७२ रुपैयाँ, विशाल व्यासका तीनवटा खातामा ९५ लाख ९१ हजार २ सय ७ रुपैयाँ बराबरको कारोबार देखिएको विवरण पनि अभियोगपत्रमा छ । घटनामा संलग्न १० मध्ये ६ जना अझै फरार छन्।

नेसनल मेडिकल कलेजको स्वास्थ्य शिविर

मधेशदृष्टि
वीरगंज।
दसैँ पर्वको अवसरमा वीरगंजस्थित नेसनल मेडिकल कलेज तथा शिक्षण अस्पतालले गहवामाई मन्दिर अगाडि स्वास्थ्य शिविर सञ्चालनदेखि प्रसाद वितरणसम्मका कार्यक्रम गर्ने भएको छ।
नेसनल मेडिकल कलेज तथा शिक्षण अस्पतालले गहवामाई मन्दिरमा दसैँ पूजाका अवसरमा गहवा युथ क्लब र मन्दिर व्यवस्थापन समितिसँगको समन्वयमा विभिन्न सामाजिक तथा सेवामूलक कार्यक्रम सञ्चालन गर्ने लागेको हो । कलेजले सार्वजनिक गरेको कार्यक्रमअनुसार असोज ३० गतेदेखि कार्तिक १ गतेसम्म तीन दिन स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

'सस्तोमा सामान मिलाउँछु' भन्ने बिचौलिया पक्राउ

मधेशदृष्टि
वीरगंज।
वीरगंज भन्सार कार्यालयबाट लिलाम हुने सवारी साधन तथा घरायसी सामग्रीहरू सस्तो दाममा मिलाइदिने प्रलोभन देखाएर सर्वसाधारणबाट रकम असुल्दै आएका एक बिचौलियालाई प्रहरीले नियन्त्रणमा लिएको छ।
पक्राउ पर्नेमा सर्लाही घर भई हाल काठमाडौँ बस्दै आएका २७ वर्षीय प्रवीण साह छन् । साहले आफूलाई सशस्त्र प्रहरीको सहायक निरीक्षक (एएसआई) र भन्सार एजेन्टहरूसँग राम्रो पहुँच भएको व्यक्ति भन्दै चिनाउने गरेका थिए । लिलामीका सामान सस्तोमा उपलब्ध गराइदिने आश्वासन दिएर उनले विभिन्न व्यक्तिको बैंक खातामा रकम जम्मा गराई ठगी गर्ने गरेको पाइएको छ । जिल्ला प्रहरी कार्यालय पर्साको विशेष टोलीले गत असोज २२ गते उनलाई वीरगंज महानगरपालिका–८ स्थित घण्टाघर क्षेत्रबाट नियन्त्रणमा लिएको हो । उनीमाथि अदालतबाट म्याद थप गरी आवश्यक अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ।

दुई पालिकाका कर्मचारी तथा शिक्षक ३ महिनादेखि तलबविहीन

मधेशदृष्टि
वीरगंज।
पर्साका पोखरिया नगरपालिका र सखुवा प्रसौनी गाउँपालिकाका कर्मचारी तथा शिक्षकले तीन महिनादेखि तलब पाउन सकेका छैनन् । दुवै पालिकाको बैंक खाता सञ्चालनमा आउन नसक्दा नियमित आर्थिक कारोबार प्रभावित भएको हो । दसैँको मुखमा समेत तलब र चाडपर्व खर्च नपाउँदा कर्मचारी तथा शिक्षक आर्थिक समस्यामा परेका छन्।
कोष तथा लेखा नियन्त्रक कार्यालय वीरगंजका सूचना अधिकारी रामविनय मुखियाका अनुसार नयाँ आर्थिक वर्ष २०८३/८४ सुरु भएको तीन महिना बित्न लाग्दासमेत दुवै पालिकाको बैंक खाता सञ्चालनमा आउन सकेको छैन। पोखरिया नगरपालिकाले चालु आर्थिक वर्षको बजेट पारित गर्न नसक्दा खाता सञ्चालन हुन नसकेको जनाइएको छ । त्यस्तै, सखुवा प्रसौनी गाउँपालिकामा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई आर्थिक कारोबार सञ्चालनको अख्तियारी नदिएका कारण समस्या भएको बताइएको छ । बैंक खाता सञ्चालन नहुँदा तलब भुक्तानीका साथै अन्य आर्थिक कारोबार र विकास निर्माणका कामसमेत प्रभावित भएका छन्।

भारत चौथो ठूलो ...

रूपमा बलियो अवस्थामा रहेको बताए । भारतको आर्थिक वृद्धि बलियो रहेको, वित्तीय अनुशासन कायम भएको र पर्याप्त विदेशी मुद्रा सञ्चिति रहेकाले ऊर्जा मूल्यको धक्कालाई सामना गर्न सहज भएको उनको भनाइ थियो।
आइएमएफले जापानको आर्थिक वृद्धिदर सन् २०२६ मा शून्य दशमलव सात प्रतिशतमा सीमित हुने अनुमान गरेको छ । ऊर्जा मूल्यवृद्धि र व्यापक मुद्रास्फीतिले जापानको अर्थतन्त्रमा दबाब बढाएको छ । सन् २०२२ को वसन्तयामदेखि निरन्तर बढिरहेको उपभोक्ता मूल्यमा इरान युद्धका कारण ऊर्जा महँगिएपछि थप चाप परेको छ । यसले जापानको केन्द्रीय बैंकलाई तीन दशकयताकै उच्च ब्याजदरमा पु¥याएको छ।
अमेरिकी डलरको तुलनामा येनको मूल्य गर्मीयाममा ४० वर्षयताकै न्यून स्तरमा झरेपछि आयात लागतसमेत बढेको छ । वृद्ध जनसंख्याले पनि जापानको आर्थिक गतिविधिमा असर पारेको छ । श्रीनिवासनले कृत्रिम बौद्धिकता (एआई) क्षेत्रमा भइरहेको लगानीले जापानको अर्थतन्त्रलाई फाइदा पुऱ्याए पनि यसबाट क्षेत्रका अन्य अर्थतन्त्रको तुलनामा उल्लेखनीय बढी लाभ नपुगेको बताए।
यसैबीच, एआई क्षेत्रका कम्पनीहरूको नाफाबारे शङ्का बढेपछि प्रविधि कम्पनीका सेयरमा गिरावट आएको छ । त्यसको असर जापानको प्रमुख सेयर बजार सूचक निक्केईमा पनि परेको छ। बिहीबार निक्केई सूचक करिब पाँच प्रतिशतले घटेको छ।
एएफपी

नारायणीमा बेपत्ता...

नदीमा खुट्टा धुने क्रममा खैरहनी नगरपालिका–१ घर भई हाल भरतपुर महानगरपालिका–१२ मुनालचोकस्थित माइत बस्दै आएकी ३२ वर्षीया सिर्जना शर्मा, उनकी ११ वर्षीया छोरी प्रसिद्धि पौडेल र छ वर्षीय छोरा प्रसिद्ध पौडेल डुबेका थिए।
घटनाबारे स्थानीयले जानकारी गराएलगत्तै विपद्सहितको उद्धार टोली परिचालन गरिएको थियो।
टोलीले प्रसिद्धिलाई उद्धार गरेको प्रहरी उपरीक्षक पौडेलले बताए। सशस्त्र प्रहरीको गोताखोरको टोली र नेपाल प्रहरीले बेपत्ता आमा र छोराको खोजी गरिरहेको उनले जानकारी दिए।

अमेरिकाबाट जनकपुरमा...

सिइओ भई पूर्ण रूपमा गैरनाफामुलक र सामाजिक काममा सक्रिय छन्।
उनी क्यान्सर अनुसन्धान, स्वास्थ्य नीति सम्बन्धी छलफल तथा अमेरिकामा विभिन्न कन्फरेन्सहरू सञ्चालन गर्नमा व्यस्त छन्। नेपालमा जनकपुरमा सन् २०१८ देखि २५ बेडको क्यान्सर अस्पताल चलाइरहेका उनले यसलाई २०० बेडको विश्वस्तरीय हस्पिटल बनाउने योजना अघि बढाएका छन् । साथै, सन् २०२७ सम्म अमेरिकाको वासिङ्टनमा क्यान्सर अनुसन्धान केन्द्र स्थापना गर्ने उनको लक्ष्य छ।
फाउण्डेसनका कामहरू विभिन्न कन्फरेन्सबाट प्राप्त आम्दानी र व्यक्तिगत तथा संस्थागत सहयोगका आधारमा सञ्चालन भइरहेका छन्।

जनकपुरधाममा आज...

सांस्कृतिक टोली तथा स्थानीय कलाकारहरूको सहभागिता रहनेछ । कार्यक्रममा कल्चरल भिलेज झिझिया समूह, विज्डम ट्री स्कुल, मौथल झिझिया समूह, अप्पन मिथिला झिझिया समूह, मिथिला झिझिया समूह, जनकपुरियन युथ ब्यान्ड टिम, ललित कामत एन्ड टिम, नर्मदा स्कुल, युरेका इन्टरनेसनल स्कुल, जनकपुर पब्लिक स्कुल, अजुली साह तथा रङ्ग दर्पणलगायतको प्रस्तुति रहने आयोजकले जनाएको छ।
झिझिया मिथिलाको धार्मिक आस्था, सामाजिक सद्भाव र सांस्कृतिक पहिचानसँग जोडिएको मौलिक लोकनृत्य हो । विशेषगरी दसैँका बेला महिलाहरूले देवी दुर्गाको आराधना गर्दै टाउकोमा घैँटो राखेर झिझिया नृत्य प्रस्तुत गर्ने परम्परा मिथिलाञ्चलमा रहेको छ।

चर्को आवाजका सयभन्दा बढी मोटरसाइकल नियन्त्रणमा



मधेशदृष्टि
जनकपुरधाम।
दसैँ, तिहार र छठ पर्वलाई लक्षित गर्दै धनुषा प्रहरीले जनकपुरधामसहित जिल्लाका सहरी तथा ग्रामीण क्षेत्रमा सुरक्षा निगरानी बढाएको छ। चाडपर्वका बेला हुन सक्ने चोरी, लुटपाट, लागुऔषध कारोबार तथा अन्य आपराधिक गतिविधि नियन्त्रण गर्न प्रहरीले एक हजार २ सय ११ जना सुरक्षाकर्मी परिचालन गरेको छ।

सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी उपरीक्षक रुपेश खड्का आफैँ सडकमा खटिएर सवारीसाधन जाँच तथा निगरानी गरिरहेका छन्। उनी दिउँसोदेखि रातिसम्म प्रहरी टोलीसँगै खटिएर मादक पदार्थ वा लागुऔषध सेवन गरी सवारी चलाउने, हेल्मेट नलगाउने तथा स्वरूप परिवर्तन गरी चर्को आवाज निकाल्ने मोटरसाइकलमाथि निगरानी गरिरहेका छन्।

एसपी खड्काका अनुसार चाडपर्वलक्षित विशेष सुरक्षा योजना लागू गरेको दुई दिनमै चर्को आवाज निकाल्ने गरी स्वरूप परिवर्तन गरिएका एक सयभन्दा बढी मोटरसाइकल नियन्त्रणमा लिइएको छ। साँझदेखि राति अबेरसम्म विभिन्न चोकमा प्रहरीको उपस्थिति बढाएर सवारी जाँच र शंकास्पद गतिविधिमाथि निगरानी भइरहेको उनले बताए।

'चाडपर्वमा कुनै पनि अवाञ्छित गतिविधि हुन नदिन हामी सक्रिय भएका छौँ। पैदल, साइकल र मोटरसाइकल गस्ती बढाउनुका साथै विभिन्न स्थानमा थप सुरक्षाकर्मी परिचालन गरेका छौँ,' उनले भने।

प्रहरीको सक्रियतालेमादक पदार्थ वा लागुऔषध सेवन गरेर सवारी चलाउनु हुँदैन भन्ने चेतना बढ्न थालेको उनको भनाइ छ। सवारी जाँचका क्रममा नियम उल्लङ्घन गर्नेलाई कारबाही गर्नुका साथै सम्भावित दुर्घटनाको जोखिमबारे सम्झाउने र सचेत गराउने कामसमेत भइरहेको उनले बताए।

बुधबार दिउँसो जिल्ला प्रशासन कार्यालय धनुषाअगाडि एसपी खड्का आफैँ सवारीसाधन रोक्दै जाँचमा खटिएका थिए। सो क्रममा उनले हेल्मेट नलगाई स्कुटर चलाइरहेकी एक महिलालाई रोकेर हेल्मेट प्रयोग नगर्दा दुर्घटनामा टाउकोमा गम्भीर चोट लाग्न सक्ने जोखिमबारे सम्झाएका थिए। उनले सवारी चलाउँदा आफ्नो सुरक्षालाई पहिलो प्राथमिकता दिन आग्रह गरे।

सडक सुरक्षा जाँचसँगै सामाजिक सञ्जालमार्फत हुने अपराध नियन्त्रणलाई पनि प्रहरीले प्राथमिकतामा राखेको छ। एसपी खड्काका अनुसार सामाजिक सञ्जालबाट हुने अपराधमा संलग्न भएको आशंकामा १८ जनाको विवरण तयार पारिएको छ। तीमध्ये चार जनालाई नियन्त्रणमा लिएर मुद्दा चलाइएको छ भने अन्यको खोजी भइरहेको छ।

प्रहरीले निगरानी बढाएकै कारण केही दिनअघि पुरानो घरायसी रिसइबीका कारण चक्कु प्रहार गरी हत्या गरेको घटनाका एक आरोपितलाई घटनाको केही समयमै पक्राउ गर्न सफल भएको एसपी खड्काले बताए।

दसैँ, तिहार र छठ पर्वको सुरक्षाका लागि धनुषा प्रहरीले विभिन्न टोलीमा विभाजन गरी एक हजार २११ जना सुरक्षाकर्मी परिचालन गरेको छ। प्रहरीका अनुसार पिकेट गस्तीमा ७०, पैदल गस्तीमा ४६, बजार अनुगमनमा सात, स्वीप अपरेसनमा सात, विपद् प्रतिकार्यमा १५ र सवारीसाधनमार्फत मोबाइल गस्तीमा १३ टोली खटाइएको छ।

लामो दूरीका सवारीसाधन जाँच गर्न दुई स्थानमा व्यवस्था मिलाइएको छ। लालगढमा लामो दूरीका सवारीचालकलाई लक्षित गरी विश्राम केन्द्रसमेत सञ्चालनमा ल्याइएको प्रहरीले जनाएको छ। राजमार्गमा दैनिक सवारी सुरक्षा जाँचको व्यवस्था पनि गरिएको छ।

सीमावर्ती क्षेत्र, बैंक तथा वित्तीय संस्था, सुनचाँदी पसल र मोटरसाइकल चोरीका घटना हुन सक्ने स्थानमा विशेष निगरानी बढाइएको एसपी खड्काले बताए। चाडपर्वका बेला लागुऔषधको ओसारपसार तथा सेवन बढ्न सक्ने भएकाले त्यसलाई नियन्त्रण गर्न पनि प्रहरी सक्रिय रहेको उनले जानकारी दिए।

प्रहरीले चाडपर्वका बेला नागरिकलाई सवारी नियम पालना गर्न, हेल्मेट प्रयोग गर्न, मादक पदार्थ सेवन गरेर सवारी नचलाउन तथा कुनै शंकास्पद गतिविधि देखिएमा तत्काल प्रहरीलाई जानकारी गराउन आग्रह गरेको छ।

भारत–नेपाल सम्बन्ध अटुट: चौधरी



मधेशदृष्टि
जनकपुरधाम।
सेवानिवृत्त भारतीय लेफ्टिनेन्ट जनरल एके. चौधरीले भारत–नेपाल सम्बन्ध अटुट रहेको बताएका हुन्। उनले यसलाई कसैले तोड्न नसक्ने बताए।

मधेश प्रदेशका सभामुख रामाशीष यादवसँगको भेटपछि पत्रकारहरूसँगको कुरामा चौधरीले त्रेता युगदेखि नै नेपाल र भारतको घनिष्ठ सम्बन्ध रहेको उल्लेख गरे। उनले भारत र नेपाल छुट्टाछुट्टै राष्ट्र भए पनि भौगोलिक र सांस्कृतिक रूपमा समान रहेको बताए।

भाषा, जीवनशैली, खानपान र रीतिरिवाजमा समानता रहेको उनको तर्क थियो। नेपाली गोर्खा सेना आफ्नो बहादुरीका लागि विश्व प्रसिद्ध रहेको स्मरण गर्दै चौधरीले नेपाली विद्यार्थीहरूले पनि भारतीय राष्ट्रिय रक्षा प्रतिष्ठानमा सेना अधिकारी बन्ने तालिम लिएको बताए।

'हामीसँग तालिम लिनेहरूले नेपालको सेना प्रमुखको रूपमा सेवा गरिसकेका छन्,' लेफ्टिनेन्ट जनरलले चौधरीले भने, 'नेपालमा विनाशकारी बाढी होस् वा भूकम्प, भारतीय सेनाले उद्धार कार्यमा नेपाली सेनासँग काँधमा काँध मिलाएर काम गरेको छ।'

चौधरीले भारत सरकारले शिक्षा र स्वास्थ्य लगायत विभिन्न क्षेत्रमा नेपाललाई सहयोग गरिरहेको बताए। चौधरी श्रीमतीसँगै जनकपुरधाम जानकी मन्दिरमा पूजा गर्न पुगे। जनकपुरधाम बौद्धिक समाजका अध्यक्ष राघवेन्द्र साह र अखिल भारतीय हिन्दू परिषद्का अन्तर्राष्ट्रिय प्रचारक भोगेन्द्र कर्णले मिथिला परम्परा अनुसार उनलाई स्वागत गरे। जानकी मन्दिरको दर्शनपछि उनले मधेशी प्रदेशका सभामुख रामाशिष यादवसँग उनको निवासमा भेट गरे, जहाँ गार्ड अफ अनर गरिएको थियो। सभामुखले लेफ्टिनेन्ट जनरल र उनकी श्रीमतीलाई स्वागत गरे। सभामुख र लेफ्टिनेन्ट जनरलले राजनीतिक तथा धार्मिक विषयमा छलफल गरे। सभामुख यादवले प्रदेश सभा र पुस्तकालयको भ्रमण पनि गरे। उनी सीतमढीको पुनौराधाम हुँदै जनकपुरधाम आइपुगेका हुन्।

भदौमा दुई खर्ब २१ अर्ब विप्रेषण भित्रियो

काठमाडौँ।
चालु आवको भदौ महिनामा दुई खर्ब २१ अर्ब ३१ करोड रुपैयाँ विप्रेषण भित्रिएको छ। नेपाल राष्ट्र बैंकले बिहीबार सार्वजनिक गरेको आर्थिक वर्ष २०८३/८४ को दुई महिनाको तथ्याङ्कमा आधारित 'देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति' प्रतिवेदनमा अघिल्लो आवको भदौ महिनामा विप्रेषण आप्रवाह एक खर्ब ७४ अर्ब ६७ करोड रुपैयाँ रहेको उल्लेख छ। चालु आवको दुई महिना (साउन र भदौ) मा विप्रेषण आप्रवाह २३ दशमलव नौ प्रतिशतले वृद्धि भएको छ। दुई महिनामा चार खर्ब ३६ अर्ब ३६ करोड रुपैयाँ विप्रेषण भित्रिएको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ३३ दशमलव एक प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह १३ दशमलव पाँच प्रतिशतले वृद्धि भई दुई अर्ब ८५ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह २७ दशमलव छ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) चार खर्ब ६९ अर्ब ४४ करोड रुपैयाँ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय तीन खर्ब ८४ अर्ब ८८ करोड रुपैयाँ रहेको थियो।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिने नेपालको संख्या ७८ हजार ३ सय २० र पुनः श्रम स्वीकृति लिनेको संख्या ५१ हजार १ सय ३६ रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः ९० हजार १९८ र ४५ हजार ८ सय ८४ थियो।

कांग्रेस सहमहामन्त्रीमा आलम निर्वाचित



मधेशदृष्टि
रौतहट।
नेपाली कांग्रेसका नेता स्वर्गीय मोहम्मद अफताव आलमका छोरा मो. फिरदोस आलम पार्टीको सहमहामन्त्रीमा निर्वाचित भएका छन्। उनी रौतहट–२ का सांसद हुन्। कांग्रेसको १५औँ महाधिवेशन अन्तर्गत मधेशी क्लस्टरबाट फिरदोस सहमहामन्त्रीमा निर्वाचित भएका हुन्। नेपाली कांग्रेसले आफ्नो आधिकारिक फेसबुक पेजमार्फत फिरदोस सहमहामन्त्रीमा निर्वाचित भएको जानकारी दिँदै उनलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिएको छ। फिरदोस गत २१ फागुनमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा मधेश प्रदेशबाट कांग्रेसका तर्फबाट निर्वाचित हुने एक्ला सांसद हुन्।

जनकपुरधाममा आज झिझिया महोत्सव



मधेशदृष्टि
जनकपुरधाम।
मिथिलाको मौलिक लोकसंस्कृति, परम्परा र धार्मिक आस्थासँग जोडिएको झिझिया नृत्यको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले नव मिथिला फाउन्डेसनको आयोजनामा शुक्रबार जनकपुरधामस्थित रेल्वे स्टेसनको प्राङ्गणमा 'जनकपुर झिझिया महोत्सव–२०८३' आयोजना हुन लागेको हो।

मिथिलाको सांस्कृतिक पहिचानका रूपमा रहेको झिझिया नृत्यको मौलिकता जोगाउँदै नयाँ पुस्तासम्म यसको महत्व पु¥याउने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको नव मिथिला फाउन्डेसनले जनाएको छ। महोत्सवले स्थानीय कलाकार, सांस्कृतिक समूह तथा विद्यार्थीलाई आफ्नो प्रतिभा प्रस्तुत गर्ने अवसरसमेत प्रदान गर्नेछ।

यस वर्षको महोत्सवमा विभिन्न झिझिया समूह, विद्यालय, जनकपुरधाममा शुक्रबार झिझिया महोत्सव आयोजना गरिने भएको छ।

बाँकी पृष्ठ ३ मा

भारत चौथो ठूलो अर्थतन्त्र बन्ने प्रक्षेपण

बैंकक।
अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) को प्रक्षेपणअनुसार भारत सन् २०२७ मा जापानलाई उछिन्दै विश्वको चौथो ठूलो अर्थतन्त्र बन्ने भएको छ। भारतको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) ४५ खर्ब २० अर्ब अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ भने जापान छैटौँ स्थानमा झर्ने अपेक्षा छ।

नाममात्रको जीडीपीका आधारमा जापान यस वर्ष विश्वको चौथो ठूलो अर्थतन्त्र बन्नेछ। तर, सन् २०२७ मा भारत र बेलायतले जापानलाई पछाडि पार्ने आइएमएफको प्रक्षेपण छ। विश्वको सबैभन्दा ठूलो अर्थतन्त्र अमेरिका हो भने चीन दोस्रो र जर्मनी तेस्रो स्थानमा छन्।

विश्वव्यापी आर्थिक अवरोधका बीच भारतले पछिल्ला वर्षमा बलियो आर्थिक वृद्धि हासिल गरेको छ। आइएमएफले यसै साता सन् २०२६ का लागि भारतको आर्थिक वृद्धिदरको अनुमान बढाएर सात प्रतिशत पु¥याएको छ। यसको विपरीत, वृद्ध जनसंख्या र संरचनात्मक समस्याका कारण जापानको आर्थिक वृद्धि सुस्त बनेको छ।

एसिया–प्रशान्त क्षेत्रका लागि आइएमएफको क्षेत्रीय आर्थिक दृष्टिकोण बिहीबार सार्वजनिक गर्दै एसिया निर्देशक कृष्ण श्रीनिवासनले इरानमाथि अमेरिका र इजरायलको युद्धका कारण ऊर्जा मूल्यमा परेको असर सामना गर्न भारत तुलनात्मक

बाँकी पृष्ठ ३ मा

अमेरिकाबाट जनकपुरमा क्यान्सर परीक्षण गर्दै डा. विनय शाह



मधेशदृष्टि
जनकपुरधाम।
महोत्तरीमा जन्मेका डा. विनय शाह सन् २००३ मा अमेरिका गई इन्टरनल मेडिसिनमा एमडी र अंकोलोजी तथा हेमाटोलोजीमा फेलोसीप पूरा गरी १३ वर्ष मेडिकल अंकोलोजिष्टका रूपमा कार्यरत रहे।

सानैमा मदर टेरेसाको जीवनीबाट प्रेरित डा. शाहले सन् २००५ मा आफ्नै श्रीमती तारासँग मिलेर 'विनय–तारा फाउण्डेसन' स्थापना गरे।


हाल उनी संस्थाका अध्यक्ष तथा

बाँकी पृष्ठ ३ मा



सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगी भाइरसको संक्रमणबाट बच्ने उपायहरू



डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ।



थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ।

डेंगीका मूख्य लक्षणहरू



उच्च ज्वरो आउनु



जोर्नी र मांशपेशीहरु बेस्सरी दुख्नु



आँखाको गेडी दुख्नु



बेस्सरी टाउको दुख्नु




शरीरमा राता बिमिराहरु आउनु



वाकवाकी लाग्नु वा वान्ता हुनु

डेंगीका लक्षणहरू देखिएमा के गर्ने ?

स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने।





घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नको लागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने।

अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरून्त भर्ना हुने।



(*चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने)

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं।

बहुदरमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पर्सा, मधेश प्रदेश

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन